# रास्कोट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

आर.सी.पी, कालीकोट
कर्णाली प्रदेश, नेपाल
२०७३

www.raskotmun.gov.np
Email:ito.raskotmun@gmail.com
☎ : 16608744044

पत्र संख्या:- २०८२।०८३ मिति:-२०८२।०५।११

ने.स ११४५ जलाथ्व

## नगर प्रहरी सेवा करारमा लिने सम्बन्धी सूचना

## प्रथम पटक सूचना प्रकाशित गरिएको मिति: २०८२।०५।११

रास्कोट नगरपालिका अन्तर्गत रहने गरी देहायको पद, संङ्ख्या र योग्यता भएका नगर प्रहरी कर्मचारी करारमा पदपुर्ति गर्नुपर्ने भएकाले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ पन्ध्र दिन भित्रमा नगरपालिकाको राजस्व तिरेको रसिद सहित दरखास्त दिनहुन सम्बन्धित सबैका लागि यो सूचना प्रकाशन गरिएको छ। यसको फाराम दरखास्त दस्तुर कार्य विवरण पारिश्रमिक सेवाका शर्तहरु सहितको विस्तृत विवरण कार्यालयबाट वा वेवसाइट www.raskotmun.gov.np बाट उपलब्ध हुनेछ।

**१) माग पद संख्या:**

| पदको नाम | विज्ञापन नं. | संङ्ख्या |
|---|---|---|
| १.नगर प्रहरी जवान -९ जना | ०२/२०८२/०८३ | • खुला -४<br>• महिला-२<br>• आदिवासी/जनजाती-१<br>• दलित-१<br>• सहिद तथा बेपत्ता परिवार- १ |
| २. नगर प्रहरी हवल्दार -२ जना | ०३/२०८२/०८३ | • खुला -२ जना |
| ३. भान्से -१ जना | ०४/२०८२/०८३ | • खुला -१ जना |

**२) योग्यता / शैक्षिक योग्यता / उमेर हद:**

क) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको।
ख) कुनै राजनैतिक दलको सदस्य नरहेको।
ग) पुरुषको लागि घटिमा ५ फिट २ इन्च र महिलाको लागि घटिमा ५ फिट उचाइ भएको।
घ) छाती नफुलाउँदा घटिमा ३१ इन्च र फुलाउँदा ३३ इन्च भएको ।
ङ) आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको।
च) स्वीकृति चिकित्साबाट निरोगिताको प्रमाणपत्र पाएको।
छ) नेपाली नागरिकता प्रमाणपत्र पाएको।
ज)सम्बन्धित प्रहरी कार्यालयबाट जारी भएको चारित्रिक प्रमाण पत्र।

**१. नगर प्रहरी हवल्दार पदको लागि**

क) दरखास्त आव्हान भएको अन्तिम म्यादसम्म २१ वर्ष पुरा भई ४५ वर्ष ननाघेको।

जवान सिंह वम
नि. प्रमुख प्रशासकिय अधिकृत

www.raskotmun.gov.np
Email:ito.raskotmun@gmail.com
☎ : 16608744044


ख) मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तिमा एस.एल.सी वा एस ई ई उत्तीर्ण गरेको।

२. **नगर प्रहरी जवान पदको लागि**

क) दरखास्त आव्हान भएको अन्तिम म्यादसम्ममा घटीमा १८ वर्ष पुरा ४० वर्ष ननाघेको।
ख) मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तिमा आधारभुत तह उत्तीर्ण गरेको।

३. **नगर प्रहरी भान्से पदको लागि**

क) दरखास्त आव्हान भएको अन्तिम म्यादसम्म १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको
ख) मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तिमा आधारभुत तह उत्तीर्ण गरेको।

**३) दरखास्तमा संलग्न गर्नु पर्ने :** उम्मेदवारको व्यक्तिगत विवरण, शैक्षिक योग्यताका प्रमाण पत्र को प्रमाणित प्रतिलिपी, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी पेश गरिने सबै प्रतिलिपीको पछाडि उम्मेदवार स्वयंमले हस्ताक्षर गरी प्रमाणित गर्नुपर्नेछ। पूर्व नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र म्यादी प्रहरीले सम्बन्धित निकायबाट तोकिएको सेवा गरेको अनुभव पत्र दरखास्त सँगै बुझाउनु पर्नेछ भने पूर्व जनमुक्ति सेनाको हकमा भने अनमिनले सूचिकृत गरको कागजपत्र दरखास्तसँगै बुझाउनु पर्नेछ।

**४) समावेशिताका लागि छुट्याईएको पदको दरखास्त पेश गर्दा देहायको प्रमाण संलग्न गर्नु पर्ने छः**

क) आदिवासी जनजातिको लागि आदिवासी-जनजाति आयोग वा जिल्ला प्रशासन कार्यालयबाट आदिवासी जनजाति भनि प्रमाणित भएको।

**५) परीक्षाको किसिम :** शारीरिक तथा स्वास्थ्य परीक्षण, लिखित र अन्तरवार्ता।

**६) परीक्षा केन्द्र :** नगरपालिकाले तोकेबमोजिम हुनेछ।

**७) दरखास्त दस्तुर :** परिक्षा दस्तुर देहाय वमोजिम हुने छ।

क) नगर प्रहरी हवल्दारको लागि रु. ६०० ।-
ख) नगर प्रहरी जवानको लागि रु. ५०० ।-
ग) नगर प्रहरी भान्सेका लागि रु. ४०० ।-

**८) दरखास्त दिने अन्तिम मितिः २०८२ साल भाद्र २५ गते कार्यालय समयभित्र। सो दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट कार्यलयको खुलेको दिन सम्म।**

थप जानकरीको लागि रास्कोट नगरपालिका प्रशासन शाखा / सूचना प्रविधि शाखामा सम्पर्क गर्न सकिने छ। सम्पर्क नं. ९८६८५६३४५३, ९८६८३०३०००

जवान सिंह वम
नि. प्रमुख प्रशासकिय अधिकृत